# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १५ अप्रेल २०२५

समयः १८:५० - १६:०० बजे

## मुख्य समाचार

- बंगाली नववर्ष पोइला बैशाख आज धुधामसित पालन गरियो। प्रधानमंत्री नरेन्द्र मोदी , राज्यपाल सी.भी आनन्द तथा ममता व्यानर्जीले राज्यवासीहरूलाई बधाई र शुभकामना दिनु भएको छ।

- पश्चिम बंगालको मुर्शिदाबादमा वक्फ विरोधी प्रदर्शनमा भएको हिन्सामा हस्तक्षेप गर्न भाजपाले राज्यपालसित गुहार लागाएको छ।

- पशिमच बंगालमा नकली पासर्पोट काण्डमा ई.डी ले कैयन ठेकानाहरूमा छापामारी गरेको छ।

- हात्तीको आक्रमणमा नगरकट्टा खण्डमा एकजनाको मृत्यु भएको छ।

- दार्जीलिङ पहाड़मा आज अपरान्ह मुसलधारे वर्षा हुँा खरसांग नजीक कटलेरी गाँउमा पहिरो गएको छ। आगामी दिनहरूमा पनि ठूलो पानी पर्ने संभावना छ।

## पोइला बैसाख

बङ्गाली नयाँ वर्ष पोइला बैसाख 1432 को अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदी, पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता ब्यनर्जी र राज्यपाल डा. सी. भी. आनन्द बोसले राज्यवासीहरूलाई शुभकामना दिनु भएको छ। प्रधानमन्त्री मोदीले सामाजिक सञ्जालमार्फत सन्देश दिनु हुँदै सबैको खुशी, स्वास्थ्य, समृद्धि र सफलताको कामना गर्नु भयो। मुख्यमन्त्री ममता बनर्जीले “एशो, एशो, एशो, ओ बोइशाख” भन्ने रवीन्द्रनाथ ठाकुरको पंक्ति उल्लेख गर्दै शान्ति र सौहार्दको भावना फैलियोस् भन्ने चाहना व्यक्त गर्नु भयो। राज्यपाल बोसले पनि नयाँ वर्षले सबैको जीवनमा सुख, शान्ति र समृद्धि ल्याओस् भन्ने सन्देश दिनु भयो। यस अवसरमा राज्यभरीका बंगाली समुदायका मानिसहरू परम्परागत पहिरनमा, विशेष परिकारसहित, सांस्कृतिक कार्यक्रममा सहभागी भएर नयाँ वर्ष मनाएका छन्।

****** ० ******

## वक्फ संशोधन बंगाल

भारतीय जनता पार्टीले पश्चिम बंगालको मुर्शिदाबाद जिल्लामा वक्फ संशोधन अधिनियम (२०२५) लाई लिएर भएको हिंसाका घटनाहरुमा हस्तक्षेप गर्न पश्चिम बंगालका राज्यपाल डा. सीवी आनन्द बोसलाई अनुरोध गरेको छ। हिजो, शशांक शेखर झाले सर्वोच्च अदालतमा यस सम्बन्धमा निवेदन दायर गर्नु भएको छ जसमा अदालतको निरीक्षणमा विशेष अनुसन्धान टोलीद्वारा घटनाको अनुसन्धान गर्न अनुरोध गरिएको छ। पश्चिम बंगाल भाजपा महासचिव प्रियंका तिब्रेवालले पनि मुर्शिदाबादमा भएको हिंसाको बारेमा कलकत्ता उच्च अदालतमा जनहित याचिका (पीआईएल) दायर गर्ने बताउनु भएको छ। मुर्शिदाबादका हिंसा प्रभावित क्षेत्रका धेरै मानिसहरूले मालदा जिल्लाको वैष्णवनगरमा रहेको राहत शिविरहरूमा आश्रय लिएको जानकारी प्राप्त भएको छ। केन्द्रीय शिक्षा राज्यमन्त्री तथा भाजपा प्रदेश अध्यक्ष सुकान्तो मजुमदारले राहत शिविरमा रहेका मानिसहरू संग भेट गर्नु भयो। हिजो दक्षिण २४ परगना जिल्लाको भांगरमा वक्फ (संशोधन) अधिनियम २०२५ को विरोधमा एक प्रदर्शन भयो। प्रदर्शनकारीहरूले पुलिसमाथि आक्रमण गर्नुका साथै सवारी साधनहरूमा क्षति पुऱ्याएको जानकारी प्राप्त भएको छ। केही सवारी साधनहरूमा आगो

पनि लगाइयो। उत्तरी कोलकाताको काशीपुर क्षेत्रमा प्रदर्शनकारीहरूले नौजना पुलिसमाथि आक्रमण गरे र पुलिसको मोटरसाइकलमा आगो लगाई दिए। यस सम्बन्धमा पुलिसले आठ जनालाई पक्राउ गरेको छ।

****** ० ******

**मुर्शिदाबाद - स्थिति सामान्य**

पश्चिम बंगालको मुर्शिदाबादको हिंसाग्रस्त क्षेत्रहरूमा अवस्था बिस्तारै सामान्य हुँदै गइरहेको छ। जिल्लाका तनावग्रस्त क्षेत्रहरूमा पुलिस, केन्द्रीय बल र आरएएफले गस्ती गरिरहेका छन्। पसल र व्यावसायिक प्रतिष्ठानहरू बिस्तारै खुल्दैछन्। हिजो सीमा सुरक्षा बल बीएसएफ पूर्वी कमाण्डका अतिरिक्त महानिदेशक रवि गान्धीले हिजो मुर्शिदाबादको समशेरगंजको भ्रमण गर्नु भएको थियो। उहाँले पश्चिम बंगालका पुलिस महानिदेशक राजीव कुमार, दक्षिण बंगाल क्षेत्रका अतिरिक्त पुलिस महानिदेशक सुप्रतिम सरकारसँग समीक्षा बैठक गर्नु भयो। श्री गान्धीले मुर्शिदाबादको हिंसा प्रभावित क्षेत्रहरूमा शान्ति कायम राख्न बीएसएफ र पुलिसले मिलेर काम गर्ने बताउनु भयो। यसैबीच, गत हप्ता दुई जनाको हत्याको घटनामा पुलिसले दुई जनालाई पक्राउ गरेको छ। समशेरगञ्ज, सुती र रघुनाथगञ्जबाट अहिलेसम्म जम्मा २२३ जनालाई पक्राउ गरिएको छ। अफवाह फैलाएको आरोपमा पुलिस र प्रशासनले १,०९३ सामाजिक सञ्जाल प्रोफाइलहरू ब्लक गरेको छ।

****** ० ******

**आर.जी. कर मेडिकल**

आर.जी. कर मेडिकल कलेज तथा अस्पताल परिसरमा दुष्कर्म पछि हत्या गरिएको महिला जुनियर डाक्टरका माता पिताले २१ अप्रिलमा स्कूल सेवा आयोग घोटालाका कारण जागिर गुमाएका शिक्षक र कर्मचारीहरूले आयोजना गर्ने विरोध रैलीमा सहभागी हुने बताएका छन्। पीडिताका पिताले "हामीलाई रैलीमा आउन आग्रह गरियो, हामी जान तयार भएका छौं। जसरी मेरी छोरी भ्रष्ट प्रणालीको शिकार भइन्, उस्तै अवस्थामा ती कर्मचारीहरू पनि छन्। अब हामी सबै न्यायका आन्दोलनहरूमा साथ दिनेछौं।" हालै सर्वोच्च अदालतले 2016 मा भएको 25 हजारभन्दा अधिक नियुक्ति रद्द गर्ने उच्च अदालतको आदेशलाई कायम राखेको छ। अदालतले राज्य सरकारले योग्य र घोटालामा संलग्न उम्मेदवार छुट्याउन नसकेको बताएको थियो।

****** ० ******

**बंगाल प्रवर्तन निदेशालय**

नक्कली पासपोर्ट मामिलामा प्रवर्तन निदेशालयले कोलकाता सहित पश्चिम बंगालका धेरै ठाउँमा खोजी अभियान चलाएको छ। यो खोजी अभियान विदेशी अधिनियम अन्तर्गत चलाइएको छ। हालै नक्कली कागजातको साथ अवैध घुसपैठका धेरै घटनाहरू प्रकाशमा आएका छन्। निदेशालयले कोलकाताको बेकबागन, विराटी, नादिया जिल्लाको गेडे र बंगालका अन्य स्थानहरूमा छापा मारेको छ। खोजी अभियानका क्रममा बंगलादेशी राष्ट्रिय परिचयपत्र र हवाला लिङ्क जस्ता केही आपराधिक कागजातहरू पनि जफत गरिएको सुत्रहरूले बताएका छन्।

****** ० ******

**हात्ती-बँदेल आक्रमण**

हात्तीको आक्रमणमा एकजनाको मृत्यु भएको छ भने जङ्गली बँदेलको आक्रमणमा दुईजना गम्भीर घाइते भएका छन्। यी दुवै घटना डुवर्सको जलपाइगढी जिल्लाअन्तर्गत पर्ने नगरकट्टा ब्लकस्थित बामनडाङ्गा चियाकमानमा आज भएको हो। घटनाले क्षेत्रमा व्यापक सनसनी फैलिएको छ। जङ्गली बँदेलको आक्रमणमा घाइते भएकाहरू डायना चियाकमान निवासी हुन्। अर्कोतिर, बामनडाङ्गा टण्डु टिजी 24 नम्बर सेक्सनमा हात्तीको आक्रमणमा परी मृत्यु भएका व्यक्तिको पहिचान हुन सकेको छैन।

****** ० ******

**खर्सांग वर्षा**

आज अचानक परेको पानीले खरसाङको सन्त अल्फन्सेस प्राइमेरी स्कूलमाथि कटलेरीमा पुलको गार्ड वाल (देवल ) झरेर खतरा उत्पन्न भएको छ। यस पुलको माटो धस्केपछि वार्ड नम्बर 2 र 3 सन्त जोसेफ प्राइमेरी स्कूलका गाडी एवं जनसाधारण हिँडन धेरै कठिनाई उत्पन्न भएको बताइएको छ। यस पुलको अवस्था पहिलादेखि नै जीर्णावस्थामा रहेको अनि यस बाटो र पुल निर्माण गर्न जीटीएको सम्बन्धित विभागीय पक्षबाट पहल गरिरहेको थियो भनी खरसाङ नगरपालिकाको भाइस चेयरम्यान सुवास प्रधानले जानकारी गराउनु भएको छ। श्री प्रधानले घटनाको सम्पूर्ण जानकारी जीटीए प्रमुख कार्यपाल अनित थापालाई दिएको बताउनु भएको छ।

****** ० ******

**मौसम**

उत्तर अनि दक्षिण बङ्गालमा आगामी केहि दिन सम्म हुरी संगै वर्षा हुने सम्भावना जनाइएको छ| मौसम विभागले आगामी बिहिबार र शुक्रबार दार्जिलिंग लगायत उत्तर बङ्गालका जिल्लाहरुमा हल्का देखि मध्यम वर्षा सितै आंधीको सम्भावना व्यक्त गरेको छ| आज राज्यका विभिन्न इलाकामा मेघगर्जनका साथ हल्का देखि मध्यम वर्षा भयो| यता दार्जिलिंग पहाड अनि तराईका केही स्थानहरुमा पनि असिना पानी पर्यो| मानिसहरु अचानक परेको भारी वर्षाका कारण दोकानपाटहरुमा ओथ लागिएका देखिए भने सडकहरुमा गाडीहरुमा आवत जावत केहि समयको लागि पातलो देखियो| तर शुरुवाती आजको वर्षामा मानिसहरु डराइ रहेका भए तापनि केहि क्षण पछि दिन उघ्रिनाले फेरी मुख्य सडकमा मानिसहरुको चलाचल देखियो|

****** ० ******

**पानीघट्टा चियाबारी**

पानीघट्टा चियाबारी विगत पाँच महिनादेखि बन्द अवस्थामा छ। हिजो गोर्खा आदिवासी चिया मजदुर संघसँग आवद्ध श्रमिकहरूको बैठक बसेको थियो, जसमा आगामी १५ अप्रिलदेखि बगान सफा गर्ने निर्णय लिइएको छ। बैठकमा निर्णय अनुसार, श्रमिकहरूले मिलेर बगान सफा गर्नेछन् र त्यसपछि सफा गरिएको बगान पुनः मालिकलाई हस्तान्तरण गरिनेछ। नयाँ मालिक नआउँदासम्म श्रमिकहरूले आपसमा मिलेर बगानको हेरचाह र काम गर्नेछन्। यदि भविष्यमा कुनै पनि मालिकले बगान सञ्चालन गर्न नआएमा, श्रमिकहरूले संयुक्त रूपमा 'एकता कम्पनी' गठन गरेर बगान सञ्चालन गर्ने निर्णय गरेका छन्।

****** ० ******